## बैठक संख्या ९

आज मिति २०८२/०८/२६ गतेका दिन यस बेलडाँडी गाउँपालिकाका अध्यक्ष श्री हरिश चन्द्र राना ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायका पदाधिकारीको उपस्थितीमा बसी देहाय बमोजिम निर्णय पारित गरियो ।

### उपस्थिती

| क.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री हरिश चन्द्र राना | अध्यक्ष | |
| २. | श्री शान्ती नाथ | सदस्य | |
| ३. | श्री गज बहादुर बिष्ट | सदस्य | |
| ४. | श्री नारद सिंह उर्याल | सदस्य | |
| ५. | श्री दुर्गा प्रशाद चौधरी | सदस्य | |
| ६. | श्री विर बहादुर खडका | सदस्य | |
| ७. | श्री ईन्द्र बहादुर खडका | सदस्य | |
| ८. | श्री गौरी देवी पाध्या | सदस्य | |
| ९. | श्री हर्कमती पाध्या | सदस्य | हर्कमती |
| १० | श्री तारा देवी गिरी | सदस्य | |
| ११. | श्री बसन्ती देवी सुनार | सदस्य | |
| १२. | श्री चेतराम माली | सदस्य | |
| १३. | श्री मीना सुनार | सदस्य | |
| १४. | श्री रामकृष्ण वि.क. | सदस्य सचिव | |

CamScanner

वैठक संख्या ९/२०८२/०८३ मिति २०८२/०८/२६ गते

**प्रस्ताव नं.१:- निर्णय कार्यान्वयन सम्बंन्धमा**

**निर्णय नं.१:-**प्रस्ताव नं. १ माथि छलफल हुंदा अख्तियार दुरुपयोग अनुसन्धान आयाोग टंगाल, काठमाण्डौंको प.सं. २०८२/०८३ च नं. D3 -८२८३-२४४६४ मिति २०८२/०८/२५ गतेको निर्णय जानकारी सम्वन्धिको प्राप्त पत्रानुसार सम्मानित विशेष अदालत काठमाण्डौंमा दायर भएको मुद्दा दर्ता नं. ०८२-CR-००५२ का प्रतिवादीको सम्वन्धमा अख्तियारं दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १७ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३३ तथा प्रचलित कानून वमोजिम गर्न/गराउन भनि आदेश भई आएकोले यस गाउँपालिकाका उपाध्यक्ष श्री शान्ती नाथलाई आजका मितिले गाउँपालिका उपाध्यक्ष पदवाट निलम्वन गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.२:- ठेक्काको म्याद थप सम्वन्धमा ।**

**निर्णय नं.२:-**प्रस्ताव नं. २ माथि छलफल हुंदा Construction of 15 Bed Hospital Building in Beldandi Rural Municipality ward no.2 , kanchanpur. Contract no. BRM-17 -2078/2079 परियोजनाको निर्माण कार्य Bangalamukhi -Baijanath joint venture Dhangadhi-4, Kailali संगको सम्झौता अनुसार भवनको निर्माण कार्य भैरहेकोमा ठेक्काको म्याद २०८२ साल कार्तिक मसान्तमा सकिएकोले विविध कारणहरु उल्लेख गरि निर्माण कम्पनीले म्याद थपको लागि निवेदन पेश गरेको हुँदा उक्त ठेक्काको म्याद २०८३ साल असार १५ गतेसम्म थप गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

**प्रस्ताव नं.३:- हिउँदे अधिवेशन बोलाउने सम्बन्धमा ।**

**निर्णय नं.३:-**प्रस्ताव नं. ३ माथि छलफल हुँदा यस गाउँपालिकाको गाउँसभाको १८औं गाउँसभा अधिवेशन (हिउँदे अधिवेशन) तपशिलको मिति, समय र स्थानमा बोलाउने सर्वसम्मत निर्णय पारित गरियो ।

तपशिल:-

मिति:- २०८२/०९/१३ गते आईतबार

समय :- विहान ११:०० बजे

स्थान :- बेलडाँडी गाउँपालिकाको सभाहल

रामकृष्ण वि.क.
प्रमुख प्रशासकीय अधिकृत